**मिति २०७४।१२। ०२ गतेको सामुदायिक विद्यालयहरुका स्रोतकेन्द्र प्र.अ. बैठकका निर्णयहरु :**

**निर्णय १:** गत वर्षको शैक्षिक उपलब्धिको लेखाजोखाका लागि विद्यालयमा शिक्षक, विव्यस, अभिभावक संघ र विद्यार्थीसहितको सहभागितामा समीक्षा बैठक बसी आगामी वर्षका लागि शैक्षिक गुण्स्तर अभिवृद्धिसम्बन्धी कार्यक्रम र रणनीति तयार गर्ने निर्णय गरियो ।

**निर्णय २:** आगामी वर्षको विद्यालय सुधार योजना (SIP/ASIP) आवश्यक प्रक्रिया पुर्‍याई तयार गर्ने र त्यसको सफ्ट कपी र हार्ड कपी १ प्रति स्रोतकेन्द्रमा र अर्को एक प्रति बनेपा नगर कार्यपालिकाको शिक्षा शाखामा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय ३:** विद्यालयका वार्षिक कार्यक्रम झल्किने गरी वार्षिक कार्य योजना वा क्यालेन्डर तयार गर्ने निर्णय गरियो ।

**निर्णय ४:** विद्यार्थीको कक्षा १ देखि ७ सम्मको परीक्षाफल निरन्तर मूल्याङ्कनको ढाँचामा प्रकाशन गरी अभिलेख राख्ने र एक प्रति स्रोतकेन्द्रमा पनि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय ५:** कक्षा ९ को परीक्षाफल लेटर ग्रेडिङ प्रणालीबाट प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय ६:** स्थायी शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फारम चैत्र महिनाभित्र नै वितरण गर्ने र वैशाख महिनाको २० गतेभित्र स्रोतकेन्द्रमा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय ७:** विद्यालयको आन्तरिक व्यवस्थापनका लागि सबै शिक्षक तथा कर्मचारीलाई जिम्मेवारी दिई आवश्यक समितिहरू निर्माण गरी जिम्मेवारी बाँडफाँड गर्ने र सोको चार्ट प्रअको कार्यालय कक्षमा प्रदर्शन गरी राख्ने निर्णय गरियो ।

**निर्णय ८:** अनिवार्य आधारभूत शिक्षाका लागि विद्यार्थी भर्ना, विद्यालय स्वागत तथा विद्यार्थी टिकाउ र सिकाइ उपलब्धिमा सुधार कार्यक्रम कार्यान्वयनका लागि यस शैक्षिक सत्र २०७५ "हामी सबैको इच्छा, अनिवार्य नि:शुल्क आधारभूत शिक्षा" विद्यार्थी भर्ना कार्यक्रमको आदर्श वाक्य भएकाले यस कार्यलाई भव्यताका साथ सम्पन्न गर्न प्रत्येक विद्यालयले आवश्यक निकायसँग समन्वय गरी निम्नानुसारका कार्यहरु सम्पादन गर्ने निर्णय गरियो :

- ❖ विद्यालयमा भर्ना हुन नसकेका बाल बालिकाहरूको सङ्ख्या बढी भएको क्षेत्र वा समुदाय विशेषमा सघन रूपमा भर्ना अभियान कार्यक्रम सञ्चालन गर्नका लागि कार्यक्रम एवम् कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।
- ❖ वैशाखदेखि शैक्षिक सत्र प्रारम्भ हुने जिल्लाहरूले २०७५ वैशाख १ गतेदेखि १४ गतेसम्म पहिलो चरणममा भर्ना हुन आउने विद्यार्थीहरूलाई पूर्ण सेटमा पाठ्य पुस्तक र मुस्कान सहितको फूल अबिर तथा स्थानीय संस्कृति अनुसार स्वागत गर्दै विद्यालयको पठनपाठन कार्यलाई नियमितरुपमा सञ्चालन गर्ने ।
- ❖ भर्ना कार्यक्रममा चार वर्ष उमेर पुरा गरेका बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षा कक्षामा भर्ना गराउने व्यवस्था गर्ने ।
- ❖ शै.स. शुरु हुने महिनाको १४ गतेसम्म विद्यालयमा भर्ना हुन नआएका आफ्ना सेवा क्षेत्रभित्रका सूचीकृत गरिएका बाल बालिकाहरूका लागि दोस्रो चरणमा भर्ना गर्न निमन्त्रणा पत्रसहित घरदैलो भ्रमण गरी अभिभावकलाई शिक्षाको महत्व सम्बन्धी परामर्श गरी सम्बन्धित महिनाको १५ गतेदेखि ३० गतेसम्म भर्ना गराउने ।
- ❖ आआफ्नो जिल्लाको विद्यालय बाहिर रहेका Hard to reach समूहका बाल बालिकाहरू पत्ता लगाई तिनीहरूलाई विद्यालयमा भर्ना गरी निरन्तर रूपमा टिकाउनका लागि कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- ❖ सबै विद्यालयहरूले आआफ्नो सेवा क्षेत्रभित्रका विद्यालयबाहिर रहेका बाल बालिकाको सम्पूर्ण विवरणसहितको सामाजिक नक्साङ्कन गरी लक्षित बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने र टिकाउने क्रियाकलाप आआफ्नो विद्यालय सुधार योजनामा समावेश गरी कार्यान्वयन गर्ने ।
- ❖ भर्ना अभियान कार्यक्रमका कारणले विद्यालयमा नयाँ भर्ना हुन आएका विद्यार्थीहरुको विवरण खुलाई स्रोतकेन्द्र र नगर कार्यपालिकामा प्रगति विवरण पठाउने ।
- ❖ नयाँ विद्यार्थी भर्नासँगै पाठ्यपुस्तक वितरणको व्यवस्था मिलाउने ।

**निर्णय ९:** कक्षा १ देखि ५ सम्मका लागि अनिवार्य रूपमा बुक कर्नरको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय १०:** प्रत्येक विषय शिक्षकलाई आआफ्नो विषयको वार्षिक शैक्षणिक योजना निर्माण गर्न लगाउने र आवश्यक शैक्षिक सामग्रीको व्यवस्थापन गर्न निर्देश गर्ने निर्णय गरियो ।

**निर्णय ११:** आगामी शै.स.का लागि आवश्यक भौतिक सामग्रीको मर्मत, सम्भार गरी कक्षा सञ्चालन कार्यलाई प्रभावकारी बनाउन पहल गर्ने निर्णय गरियो ।

**निर्णय १२:** अतिरिक्त क्रियाकलाप सम्बन्धी बेग्लै वार्षिक कार्य तालिका निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय १३:** विद्यालयको EMIS निर्धारित को सफ्ट कपी (यस वर्षदेखि विदार्थी विवरणको हार्ड कपी समेत) समयमा नै अद्यावधिक गरी स्रोतकेन्द्रमा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय १४:** विद्यालयले नियमानुसार पाउने स्थानीय विदा कहिले कहिले दिने हो सो निर्णय विव्यसबाट निर्णय गराई स्रोतकेन्द्रमा जानकारी दिने निर्णय गरियो ।

**निर्णय १५:** आगामी चौमासिकहरुमा माग फाराम पेस गर्दा स्रोतकेन्द्रले दिएको नमुना अनुसार आधारभूत तह ( प्राविधिकतर्फ सहित) का सबै शिक्षकको १ पानामा, माध्यमिक तह (उमावि र प्राविधिकतर्फ सहित) का सबै शिक्षकको १ पानामा र बाल शिक्षा केन्द्रका स.का., विद्यालय कर्मचारी र कार्यालय सहयोगीको १ पानामा गरी जम्मा ३ थरी माग फाराम पेस गर्ने निर्णय गरियो ।

**निर्णय १६:** कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनका लागि विद्यार्थीको कक्षागत उत्तीर्ण दर र शै.स. २०७४ को सिकाइ उपलब्धि र आगामी वर्षको लक्ष्य फाराम पनि आवश्यक हुने भएकाले मितिः २०७५। ०१।१५ सम्म दुवै फारम भरी स्रोतकेन्द्रमा उपलब्ध गराउने । इन्टरनेट सेवा भएका विद्यालयले माथिका दुवै विवरणको सफ्ट कपी इमेलमार्फत पनि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय १७:** विद्यालयमा हाल काजमा रहेका र निजीस्रोतमा कामकाज गरिरहेका शिक्षकहूको विवरण १० दिनभित्र स्रोतकेन्द्रमा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय १८:** २०७४ श्रावणदेखि हालसम्म कुनै काजमा रहेका शिक्षकलाई पद स्थापना गरिएको छ भने त्यस्ता शिक्षकको पद स्थापना गरिएको पत्रको १ प्रति प्रतिलिपि प्रअले प्रमाणित गरी उपलब्ध गराउने ।

**निर्णय १९:** विद्यालयमा कार्यरत सबै किसिमका शिक्षकको उच्चतम शैक्षिक योग्यता र कुन मुख्य (मेजर) विषय लिई सो योग्यता हासिल गरेको सोसमेत किटान गरी स्रोतकेन्द्रमा पठाउने निर्णय गरियो ।

**निर्णय २०:** यस शैक्षिक सत्रदेखि नगर क्षेत्रका सबै सामुदायिक विद्यालयमा बाल शिक्षा र कक्षा १ देखि अनिवार्य रुपमा अङ्ग्रेजी माध्यमबाट शिक्षा दिने कार्यको थालनी गर्ने र यसलाई आगामी वर्षहरुमा थप कक्षाहरुमा निरन्तरता दिदै जाने निर्णय गरियो ।

**निर्णय २१:** जिल्ला शिक्षा कार्यालय तथा नगर कार्यपालिकाबाट विद्यालयहरुमा जुन शीर्षकमा खर्च गर्ने गरी रकम निकासा भएको हो सो शीर्षकमा मात्र खर्च गर्ने र उक्त शीर्षकको रकम बढी हुन आएमा असार मसान्तसम्ममा जुन निकायबाट रकम आएको हो सो निकायमा फिर्ता गर्ने र कुनै शीर्षकमा खर्च कम हुन आएमा विव्यसबाट निर्णय गराई प्रमाणसहित सम्बन्धित निकायमा समयमा नै माग गर्ने व्यवस्था सम्बन्धित प्रअले व्यवस्था गर्ने अन्यथा कुनै बेरुजु भएमा सो पक्षको पूर्ण जिम्मेवारी प्रअले निर्वाह गर्ने समेत निर्णय गरियो ।